# बरेङ गाउँपालिका

# स्थानीय राजपत्र

## बरेङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ६६, मिति २९ साउन २०८२

भाग २

## बरेङ गाउँपालिका

# पाठेघर खसेका महिला तथा हाईड्रोसिल भएका पुरुषहरुको अप्रेसन सहयोग मापदण्ड, २०८२

१. **उद्देश्यः** पाठेघर खसेर वा हाईड्रोसिल भएर अप्रेसन गर्नै पर्ने अवस्था भएको भए पनि लाज वा अन्य बिभिन्न कारणले उपचारको पहुँचमा पुग्न नसकेका मानिसहरुलाई अप्रेसन गरी स्वस्थ जीवन बाँच्न प्रेरणा प्रदान गर्नको लागि आर्थिक सहयोग उपलब्ध गराउने ।

२. **कानुनी आधारः-** बरेङ गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८२/०४/२९ गतेको बैठकद्वारा स्वीकृत भई लागु गरिएको ।

३. **बजेट व्यवस्थाः** गाउँपालिकाद्वारा पाठेघर खसेका महिला तथा हाईड्रोसिल भएका मानिसहरुको अप्रेसन सहयोग शीर्षकमा बिनियोजित रकम ।

४. **प्रयोजनः** नेपालका सरकारी अस्पतालहरुमा पाठेघर तथा हाईड्रोसिलको अप्रेसन गरेका मानिसहरुको लागि आर्थिक सहयोग उपलब्ध गराउने ।

५. **आर्थिक सहयोग प्राप्त गर्नको लागि योग्यताः- क)** सरकारी अस्पतालमा पाठेघर वा हाईड्रोसिलको अप्रेसन गरेको डिस्चार्ज पेपर **ख)** सम्बन्धित वडा कार्यालयको सिफारिस ।

६. **उपलब्ध गराउने रकमः-(क)** प्रकरण ४ अनुसारको योग्यता पुरा गरेका पाठेघर खसेका वा हाईड्रोसिल भएका मानिसहरुलाई जनही १०,०००/- का दरले आर्थिक सहयोग उपलब्ध गराइने छ । **(ख)** उप प्रकरण (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि पाठेघर खसेका वा हाईड्रोसिल भई अप्रेसन गरेका मानिसहरुको संख्या बढी भएमा दामासाहीले उपलब्ध गराउन बाधा पर्ने छैन ।

७. **आर्थिक सहयोग प्राप्त गर्ने प्रकृयाः- क)** प्रकरण ४ बमोजिमको योग्यता पुगेका मानिसहरु वा हकवालाले अप्रेसन गरेर फर्किसके पछि सम्बन्धित वडा कार्यालयमा प्रमाण सहितको निवेदन पेश गर्नु पर्ने छ । **ख)** उप प्रकरण(क) बमोजिम निवेदन प्राप्त भए पछि वडा कार्यालयले अन्य आवश्यक विवरणहरु समेत खुलाई गाउँपालिकामा सिफारिस गर्नु पर्ने छ । **ग)** उप प्रकरण(क) र (ख) बमोजिमको कागजात र प्रकरण ७ बमोजिमको कागजात समेतको आधारमा आवश्यक छानविन गरी गाउँपालिकाले सहयोग उपलब्ध गराउने छ ।

८. **निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः- क)** सरकारी स्वास्थ्य संस्थामा पाठेघर खसेको वा हाइड्रोसिलको अप्रेसन गरी डिस्चार्ज भएको कागजात **ख)** सम्बन्धित वडा कार्यालयको विपन्नताको सिफारिस **ग)** पाठेघर खसेको वा हाईड्रोसिल भई अप्रेसन गरेको व्यक्ति बरेङ गाउँपालिकामा स्थायी वसोवास गरेको ठेगाना खुल्ने कागजात। **घ)** बरेङ गाउँपालिका मातहतका कुनै पनि निकायबाट राहत रकम प्राप्त नगरेको स्वघोषणा ।

९. **प्रतिवेदनः** स्वास्थ्य शाखाले यस सम्बन्धी अभिलेख तथा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराइ अभिलेख राख्नुपर्ने छ ।

१०. **अनुगमनः** बरेङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रमको प्रभावकारीता सम्बन्धी अनुगमन गर्नेछ ।

११. **बन्देज गरिएकोः-** प्रकरण ५ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने सन्दर्भमा प्रकरण ४ अनुसारको योग्यता नपुगेका, नीजि अस्पतालमा अप्रेसन गराएका र विदेशमा अप्रेसन गराएका बिरामीहरुलाई आर्थिक सहयोग उपलब्ध गराउन बन्देज गरिएको छ ।

१२. **विविधः-** पाठेघर खसेका वा हाईड्रोसिल भई उपचारको क्रममा मृत्यू भएका मानिसहरुको हकमा समेत यो सुविधा उपलब्ध गराईने छ ।

**आज्ञालेः-**

खड्ग वि. क

प्रमुख प्रशासकीय अधिकृत

**<u>पाठेघर खसेका महिला तथा हाईड्रोसिल भएका पुरुषहरुको अप्रेसन सहयोग मापदण्ड, २०८२</u>**